"समृद्ध बकैया निर्माणको मूल आधार: स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०८२ साल असार १६ गते

Scanned with CamScanner

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु**

१. समृद्ध बकैया निर्माणको सोचलाई साकार पार्न आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन नेपालको संविधान धारा २३० बमोजिम यस सम्मानित गाउँ सभा समक्ष बकैया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको अनुभूति गरी रको छु ।

२. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासन पद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय समानता र समृद्धि प्रासिको लागि संघर्ष गर्नु हुने महान नेपाली जनता र सो अभियानको नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

३. नेपालको संविधान, प्रदेशको आवधिक योजना, पालिकाको आवधिक योजना, नेपाल सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०८२/०८३ को बजेट, बागमती प्रदेश सरकारले सम्मानित सभामा पेश गरेको आर्थिक वर्ष २०८२/०८३ को बजेट, विनियोजन विधेयक, २०८२, आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, राजनीतिक दलको घोषणापत्र, विषयगत समितिको सुझावहरु, गाउँ सभा सदस्यज्यूहरुले दिनुभएको सुझावहरु, संचार जगत, नागरिक समाज एवं सरोकारवालाको सुझाव तथा पालिकाबासी दाजुभाई, दिदीबहिनिहरुबाट प्रास महत्वपूर्ण सुझावहरुलाई आत्मसात् गरि आ व २०८२/०८३ को बजेट तर्जुमा गरेकोछु।

४. यस बजेटले नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सुशासन, विकास र समृद्ध हाँसिल गर्न उपलब्ध श्रोत साधनलाई अधिकतम ढङ्गले परिचालन गरि गाउँपालिकावासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवादउन्मुख समृद्ध

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल



बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सघाउ पुर्याउदै समृद्ध बकैया निर्माण हुने विश्वास लिएकोछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

५ अब म यस सभा समक्ष चालु आर्थिक वर्ष २०८१/०८२ को आम्दानी तथा खर्चको समग्र अवस्था संक्षेपमा समीक्षा गर्ने अनुमति चाहन्छु ।

__आम्दानी तर्फ__

आर्थिक वर्ष २०८१।८२ मा ९३ करोड ७२ लाख ७० हजार ६ सय ५६ रुपैया ६० पैसा आय अनुमान गरिएकोमा हाल सम्म ७१ करोड ९६ लाख ४६ हजार २ सय ७५ रुपैया ८६ पैसा आम्दानी भएको छ । जस मध्ये हाल सम्म आय अनुमानको तुलनामा ७६.७८ प्रतिशत आम्दानी प्राप्त भएको छ । यसरी हेर्दा आय अनुमानको तुलनामा वास्तविक रुपमा बजेट प्राप्त नहुँदा योजना कार्यान्वयनमा बाधा पुग्ने देखिन्छ ।

__आन्तरिक आम्दानी तर्फ__

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ मा आन्तरिक स्रोतबाट १५ करोड ४८ लाख ६ हजार २ सय ५१ रुपैया अनुमान गरिएकोमा सम्वत २०८२ हाल सम्म आन्तरिक स्रोतबाट २ करोड १७ लाख ३७ हजार २१ रुपैया ८६ पैसा आम्दानी भएको छ ।जुन लक्ष्यको १४.०४ प्रतिशत हुन आउँछ।यसबर्ष बकैया गाउँपालिकाले लिएको लक्ष्य अनुरुप अपेक्षित राजश्व संकलन हुन नसकेको व्यहोरा जानकारी गराउदछु ।

__विनियोजन तर्फ__

चालु आर्थिक वर्ष २०८१/८२ को लागि बकैया गाउँपालिकाबाट कुल ९३ करोड ५९ लाख ९९ हजार ६ सय ५६ रुपैया ६० पैसा विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये हाल सम्म चालु तर्फ ४३ करोड ८१ लाख ९१ हजार ३ सय ८४ रुपैया १ पैसा खर्च भएको छ । जुन ७४.५२ प्रतिशत हुन आउछ । पूँजिगत एवम् पूर्वाधार तर्फ १५ करोड ५४ लाख ७२ हजार ८६ रुपैया खर्च भएकोछ जुन ४४.६७ प्रतिशत



बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश नेपाल

Scanned with CamScanner

हुन आउछ । साथै बकैया गाउँपालिकाको चालु आर्थिक बर्षको समग्र वित्तिय प्रगति जम्मा रु ५९ करोड ३६ लाख ६३ हजार ४ सय ७० रुपैया १ पैसा रहेको छ जुन ६३.४२ प्रतिशत हुन आउँछ ।

६ अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटको उद्देश्यहरु निम्नानुसार छन्:

- कृषि तथा पशुजन्य उत्पादन वृद्धिमार्फत आत्मनिर्भर र समृद्ध गाउँपालिका बनाउने,
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीमा सबैको पहुँच अभिवृद्धि गर्ने,
- भूमिहिन सुकुम्बासिहरुलाई जग्गाधनिपुर्जा वितरण गर्ने,
- दिगो तथा वातावरणमैत्रि पुर्वाधार विकास गर्ने,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सहज पहुँचको लागि प्रविधिको प्रयोग गर्दै सुशासनको अनुभुति प्रदान गर्ने
- प्राकृतिक स्रोतको संरक्षण, सम्वर्धन र उपयोग गर्ने
- गाउँपालिकाको आन्तरिक राजश्व परिचालन गर्दै रोजगारी सिर्जना गर्ने

७ आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तय गरिएका बजेटका उद्देश्यहरु हाँसिल गर्न देहायका प्राथमिकता निर्धारण गरेकोछु ।

- कृषि तथा पशुजन्य उत्पादन बढाउनको लागि व्यवसायिक उत्पादन अभिबृद्धिको लागि पकेट क्षेत्रहरुमा विपेश अनुदानको व्यवस्था
- मुख्य सडक पूर्वाधारको स्तरोन्नती, अधुरो योजना सम्पन्नताको लागि निरन्तरता,
- भूमिहिन सकुम्वासिको समस्या समाधानको लागि ऐलानी जग्गा नापिको कार्यलाई सम्पन्न गर्ने
- राजश्व लक्ष्य हासिल गर्न करको दायरा फराकिलो तथा समय सापेक्ष सरल बनाउन जोड,
- स्वास्थ्य शिक्षा तथा खानेपानीको पूर्वाधार निर्माणमा जोड,
- विकास निर्माणमा सरकारी निजी तथा सहकारी विच साझेदारीमा जोड,
- पर्यटन प्रवर्द्धन, सामाजिक सास्कृतिक तथा स्थानीय भाषा कला साहित्यको प्रवर्द्धन,



Scanned with CamScanner

- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित तथा लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा कार्यक्रम सञ्चालन,
- पारदर्शी, गुणस्तरीय र प्रभावकारी सार्वजानिक सेवा प्रवाह

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

८. अब म बकैया गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. बकैया गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल रु ९१ करोड ७२ लाख ५० हजार आय र व्ययको अनुमान गरेको छु । यसको लागि आन्तरिक आय तर्फ रु ११ करोड ५१ लाख १८ हजार ६ सय ६२ रुपैया पचासी पैसा, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु ५८ करोड ९१ लाख ६ हजार, संघीय तथा बागमती प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु २१ करोड ३० लाख २५ हजार ३ सय ३७ रुपैया १५ पैसा मात्र रहने प्रक्षेपण गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

१०. अब म प्रस्तावित कुल रु. ९१ करोड ७२ लाख ५० हजार रकमको विनियोजन विवरण प्रस्तुत गर्न चाहन्छु।

११. विनियोजन बजेट मध्ये पूँजीगत खर्च तर्फ रु. २८ करोड ६ लाख ९१ हजार र चालु खर्च तर्फ रु. ६३ करोड ६५ लाख ५९ हजार विभिन्न शिर्षकमा बजेट व्यवस्था गरेको छु ।

१२. नेपाल सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त रु. ३६ करोड ६८ लाख तथा बागमती प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त रु २ करोड ९५ लाख ५० हजार रकम गरी जम्मा रु ३९ करोड ६३ लाख ५० हजार रकमलाई तय भए बमोजिम खर्च गरिनेछ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

१३ पालिकाको ठुला तथा रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानबापत रु १ करोड र बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु. २ करोड् ७० लाख गरी जम्मा रु ३ करोड ७० लाख मा पालिका तर्फबाट उक्त योजनाहरु कार्यान्वयन तथा अन्य साझेदारी योजना तथा कार्यक्रम गर्नको लागि समपुरक कोषमा रु ५ करोड विनियोजन गरेको छु ।

१४ नेपाल सरकारबाट प्राप्त विशेष अनुदान रु ७५ लाख रकमलाई पोषणमैत्री स्थानीय तह घोषणा गर्नुका साथै प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रु. ६५ लाख रकमलाई चिस्यान केन्द्र निर्माण,बकैया ७ योजना निर्माण सम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

१५ यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु १२ करोड ७५ लाख विनियोजन गरेको छु । यसै गरि हरेक वडाहरुको समानुपातिक विकास गर्नको लागि प्रत्येक वडामा रु ४० लाखको दरले, जम्मा रु ४ करोड ८० लाख तथा कार्यपालिका सदस्यहरुलाई रु ८ लाखको दरले रु ४८ लाख गरी जम्मा रु ५ करोड २८ लाख बजेट विनियोजन गरेको छु ।

१६ आर्थिक वर्ष २०८१।०८२ मा निर्माण सम्मन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका भवन,आवास तथा शहरी विकास योजनाहरु समयमै सम्पन्न गर्नकोलागि एकमुष्ठ रु १ करोड बजेट विनियोजन गरेकोछु ।

१७ बकैया गाउँपालिकाको सेवा प्रवाहलाई पालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवनबाट चुस्त/दुरुस्त र सहज रुपमा सञ्चालन गर्न आवश्यक फर्निचर तथा फिक्चर्स,लिफ्ट तथा मेशिनरी औजार लगायतको लागि रु ७५ लाख बजेट विनियोजन गरेको छु।

१८ प्रदेश समपूरक योजनाबाट सञ्चालन हुने पालिकाको महत्वपूर्ण सडकहरु क्रमश: श्रीपुर-सुधा-गढ्यन सडक, बौंगा ५ र ६ वडा हुँदै मधेश प्रदेश जोड्ने सडक, भिमसेन दमार-कालीबगार हिंगोल बौंगा ४,११ र १२ भिरकोट चौतारा-रागाने

Scanned with CamScanner

सुख्खा भिरकोट चौतारा सडक बकैया ७ को लागि आवश्यक बजेट रु ५ करोड ४० लाख बजेट व्यवस्था मिलाएको छु ।

१९. कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न, सहुलियत दरमा दानाँ तथा साइलेज उत्पादन तथा बिक्रि वितरण गर्न साथै प्राङ्गारिक मल उत्पादन र वितरण गरी स्थापित बकैया कृषि औद्योगिक ग्रामको संचालनको लागि रु २ करोड बजेट विनियोजन गरेको छु।

२०. बकैया कृषि औद्योगिक ग्रामको दोस्रो चरणको योजना अनुरुप टिएमआर उद्योग, कस्टम हाईरिङ्ग सेन्टर, प्राङ्गारिक मल उद्योग कारखाना तथा घाँसको नर्सरी, गाई फर्म लगायतका भौतिक संरचना निर्माणको लागि समपूरक कोष सहित रु २ करोड ५० लाख बजेट विनियोजन गरेकोछु ।

२१ कृषि तथा पशुजन्य उत्पादनको लागि लामो समयसम्म भण्डारण गर्न बकैया कृषि औद्योगिक ग्राम क्षेत्रमा चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणको लागि विशेष अनुदान सहित रु १ करोड ३० लाख बजेट व्यवस्था गरेकोछु ।

२२ ***स्थानीय उद्योग स्थानीय कच्चा पदार्थ*** बकैया औद्योगिक ग्राममा स्थापित साईलेज उद्योगको मुख्य कच्चा पदार्थको रुपमा रहेको ढोड सहितको हरियो मकै स्थानीय कृषकबाट सोझै खरिद गरी साईलेज उत्पादन गरि कृषकलाईनै सहुलियत दरमा उपलब्ध गराउँने व्यवस्था मिलाएको छु ।सोको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु।

२३. **मिसन रोजगारी-** दिर्घ रोजगारी र उद्यमशिलता प्रवर्द्धन अभियान अन्तर्गत प्रत्यक्षरुपमा बकैया कृषि औद्योगिक ग्राम लगायत कृषि, पर्यटन, पूर्वाधार, शिक्षाको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपंमा रोजगारी सृजना र उद्यमशिलताका नविन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

२४ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न हरित उत्पादन प्रविधि अवलम्वन गर्दै सम्भाव्य क्षेत्रहरुमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने प्राथमिकता दिँदै व्यवसायीकरण, यन्त्रिकीकरण र बजारीकरण गर्ने विशेष व्यवस्था मिलाइएको छु।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँढे, मकवानपुर बागमती प्रदेश, नेपाल



बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँढे, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

२५ कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकिकरणका लागि कृषिमा यान्त्रिकरण कार्यक्रमलाई निरन्तरता, कृपकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन, साना सिंचाई आयोजना संचालन, कृपकलाई उत्पादनको आधारमा अनुदानलगायतका कृषि सम्वन्धी नीति कार्यान्वयन गर्नको लागि रु १ करोड २४ लाख विनियोजन गरेको छु ।

२६ मौलिक भान्सा सुधार कार्यक्रम अन्तर्गत एक घर एक करेशाबारी निर्माण गर्ने मध्ये उत्कृष्ट व्यक्ति तथा परिवारलाई प्रोत्साहन स्वरुप आवश्यक बजेट विनियोजन गरेको छु ।

२७ व्यवसायिक पशुपालन प्रवर्द्धन, दुग्धजन्य उत्पादनमा आधारित बहु वर्षीय घाँस खेती, बाखा प्रवर्द्धन, गाई प्रवर्द्धन, पशुहरुमा प्रजन्न व्यवस्थापन तथा नश्ल सुधार कार्यक्रम, व्यवसायिक पशुपालन तालिम, पशुपन्छीहरुको प्राथमिक उपचार सेवा सञ्चालन लगायतका कार्यक्रम कार्यान्वयनका लागि रु १ करोड ७६ लाख बजेट विनियोजन गरेको छु ।

२८ पशुपालन व्यवसायलाई प्रवर्द्धन मार्फत उद्यमशिलता तथा रोजगारी सृजना गरी आय आर्जन वृद्धिगरि गरिबी निवारण तथा जीवनस्तरमा सुधारका लागि दुधको उत्पादन लागत कम गर्न तथा दुधको उत्पादन मात्रा बढाउन बकैया कृषि औद्योगिक ग्रामबाट उत्पाधित साईलेज तथा टिएमआर खरीदमा अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२९ स्वास्थ्यमा सबैको समान पहूँच अभिवृद्धि गर्न औषधी तथा स्वास्थ्य सामाग्री व्यवस्थापन, रक्तसंचार सुविधा, निशुल्क भिडियो एक्सरे,कर्मचारी पारिश्रमिक तथा ल्याब परीक्षण तथा समग्र स्वास्थ्य क्षेत्रको सुधार तथा विकासको लागि आवश्यक कार्यक्रम संचालन गर्न रु २ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

३० मृगौला प्रत्यारोगण गरेका डायलाईसिस गराई रहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिलाई औषधी उपचार खर्च वापत मासिक रुपमा ५ हजारको रुपमा संघिय सरकारले उपलब्ध गराउने रकम उचित समयमै भुक्तानि हुने व्यवस्था मिलाएको छु ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

३१ स्थानीय स्तरमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि पालिका अन्तर्गत निमार्णाधिन १५ शैया आधारभूत अस्पतालको भौतिक संरचना निर्माणा तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३२ बकैया आधारभूत अस्पताल गुणस्तरीय सेवा प्रवाह प्रभावकारी बनाउदै नो होम डेलिभरीलाई वढुवा दिन गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, निशुल्क ल्याब सेवा, रक्त सञ्चार सेवा लगायत कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३३ २४ घण्टे आकस्मिक सेवालाई नियमित र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धी कार्यक्रमहरुलाई बहुक्षेत्रीय लगानीका रुपमा निरन्तरता एवं पूर्ण पोषणयुक्त गाउँपालिका, पूर्ण खोप, पूर्ण संस्थागत प्रसुति बनाउनुका साथै उल्लेखित सेवाहरुलाई प्रभावकारी बनाउन एम्वुलेन्स सेवा विस्तार तथा शव वहानको व्यवस्था गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४ स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाईनेछ । साथै द्वन्द पीडित तथा असहाय बालबालिकालाई स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३५ मानव सेवा आश्रम, मामाघर नेपाल तथा सिविन् नेपाल लगायतका संघ संस्थासँगको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३६ शैक्षिक क्षेत्रको सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरु भौतिक पुर्वाधारको सुधार, स्वच्छ खानेपानीको व्यवस्था, शौचालय व्यवस्थापन, प्रविधि तथा विद्यार्थी मैत्री कक्षा कोठा निर्माण गरी विद्यार्थीमैत्री वातावरण तयार गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

३७ संघीय सरकारले विद्यालय कर्मचारी, ECD शिक्षक तथा कार्यालय सहयोगीको लागि तय गरेको न्युनतम तलबमा पालिकाले थप गरी मासिक तलव क्रमश रु २० हजार ५ सय , १७ हजार ५ सय र १७ हजार ३ सय भुक्तानिको लागि वजेट व्यवस्थापन गरेको छु ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

३८ शैक्षिक गुणस्तर सुदृढिकरण गर्नको लागि काठमाण्डौं विश्वविद्यालयसंगको सहकार्यमा आवश्यकताको पहिचान (Need Assessment), क्षमता विकास कार्यक्रम तथा शैक्षिक वातावरण सुधाको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

३९ गाउँपालिका क्षेत्र भित्र सामुदायिक विद्यालयमा रिक्त रहेका दरबन्दिमा शिक्षक समयमै पदपूर्ति गर्नका लागि शिक्षक बैंकलाई प्रभावकारी बनाउँन आवश्यक बजेट विनियोजन गरेको छु ।

४० कक्षा ८ तथा एसईईको नतिजामा सर्वोकृष्ठ जिपिए ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४१ बकैया गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयमा खस्किदो एसईई नतिजालाई मध्यनजर गरि शैक्षिक क्षेत्रमा सुधार ल्याउन आवश्यक आवधिक शिक्षा योजना निर्माणको लागि बजेटको व्यवस्था गरेको छु।

४२ बकैया गाउँपालिका क्षेत्रभित्र अध्यापन गराउने विषयगत शिक्षकहरुको विषयमा शून्य नतिजा आएका उक्त विषयगत शिक्षकहरुको विषयमा शून्य नतिजा आउने कारण र परिणाम खोज गरी शिक्षा क्षेत्रमा सुधार गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

४३ पढ्दै सिक्दै, पढ्दै कमाउँदै कार्यक्रम प्राविधिक धार तर्फ श्री महेन्द्र माध्यमिक विद्यालयलाई विउ पूँजीको रुपमा आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४४ आधारभूत/माध्यामिक तहमा विद्यार्थीका लागि पढ्दै कमाउँदै तथा Know your local government (आफ्नो स्थानीय सरकारलाई चिनौं) कार्यक्रम संचालन गर्नको लागि बजेटको व्यवस्था गरेको छु।

४५ आवासिय विद्यालयलाई प्रवर्द्धन, गरिब, जेहेन्दार तथा विपन्न विद्यार्थीको लागि छात्रवृत्ति, शैक्षिक सामग्रि तथा विद्यालयको दिवा खाजा लगायतका कार्यक्रमलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेको छु।

४६ खेलकुद क्षेत्रको विकासको लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।साथै विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, बकैया कप फुटबल प्रतियोगिता, भलिवल,



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

क्रिकेट, कराँते लगायतका खेलको पालिकास्तरीय प्रतियोगिता संचालनको लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

४७. खेलकुद क्षेत्रको विकासको लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै विद्यालय तहदेखिनै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, बकैया कप फुटबल प्रतियोगिता, भलिवल, क्रिकेट, कराँतेलगायतका खेलको पालिकास्तरीय प्रतियोगिता संचालनको लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

४८. जुरेली रंगशाला, जुरेली कबर्डहललाई स्तरोन्नती तथा पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

४९. आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न मुख्य पर्यटकीय क्षेत्रको विकास तथा विभिन्न जातजाती, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्वर्द्धन गर्दै गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार र संरक्षणका लागि रकम रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

५०. पर्यटकिय क्षेत्रको सडक, विद्युत, खानेपानी लगायतका भौतिक पुर्वाधार तथा तामाङ्ग, घले, शिकारी, सुनुवार तथा माझी समुदायमा आधारित होमस्टेको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५१. स्वास्थ जीवनको लागि व्यायाम भन्ने नाराका साथ कम्तिमा एक खुल्ला व्यायामाशाला निर्माण तथा मानव जीवनलाई अध्यात्मसंग जोड्न योग तथा ध्यान प्रवर्द्धन गर्न ध्यानकेन्द्र निर्माणको लागि बजेट व्यवस्था गरेको छु।

५२. विपद् पूर्व तयारी, विपद् प्रतिकार्य, तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरुको लागि विपद् तथा प्रकोप व्यवस्थापन कोषमा रु १ करोड बजेटको व्यवस्था गरेको छु ।

५३. विपद् उच्च जोखिममा रहेको क्षेत्रहरुको पहिचान गरी स्थानीय आपतकालीन उद्दार केन्द्र स्थापना तथा सञ्चालनको लागि बजेट विनियोजन गरेको छु।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

५४ लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न दलित, महिला, अल्पसंख्यक, पिछडिएको वर्ग तथा सिमान्तकृत वर्ग तथा समुदायको लागि सीप तथा क्षमता विकास कार्यक्रम, प्रविधि हस्तान्तरण, बालमैत्री कार्यक्रम र लागुपदार्थ विरुद्धको सचेतनामूलक कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न ३० लाख रकम विनियोजन गरेको छु ।

५५ देशकै दोस्रो बालमैत्री गाउँपालिकाको रुपमा घोषित भएको यस गाउँपालिकामा बालमैत्री शासनको दिगोपनाका लागि बालमैत्री अभियानलाई निरन्तरता दिनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

५६ महिला लक्षित गृहिणी महिला कार्यक्रमलाई प्रदेश सरकारसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

५७ गाँउपालिका भित्र ऐलानी जग्गामा बसोबास गर्दै आएका भूमिहिन सुकुम्वासी, भूमिहिन दलित, अव्यवस्थित बसोबासीहरुले लामो समयदेखि भोगचलन गर्दै आएको जग्गाहरु नापीनक्सा सम्पन्न गरी जग्गाधनि प्रमाण पुर्जा वितरण कार्यको लागि रु १ करोड बजेट व्यवस्था गरेको छु ।

५८ न्यायिक समिती भूमिकालाई प्रभावकारी वनाउन न्यायीक समितिको सदस्य तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम, मेलमिलाप केन्द्र प्रोत्साहन तथा सुरक्षित आश्रयस्थलसहितको सामुदायिक सेवा केन्द्र संचालनको लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

५९ यस गाउँपालिकाभित्रको सामाजिक तथा आर्थिक रुपमा पछाडी परेको तथा पारिएको वर्ग तथा समुदाय, असाहय तथा शारीरिक रुपमा अशक्त, आर्थिक रुपमा विपन्न नागरिकहरुको शिक्षा, स्वास्थ्य तथा आधारभूत आवश्यकता परिपूर्तिको लागि



थकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

विपन्न नागरिक आकस्मिक कोषको व्यवस्था गरेको छु जसको लागि रु २५ लाख बजेट व्यवस्था गरेको छु ।

६० सहकारी क्षेत्रको प्रवर्द्धन गर्नको लागि सहकारी संस्थाको सवलीकरण, नियमन तथा सहकारी संस्था एकीकरण प्रोत्साहनको लागि ७, लाख बजेटको व्यवस्था गरेको छु ।

६१ सार्वजनिक सेवालाई पारदर्शी, मितव्ययी, जनउत्तरदायी, जवाफदेही बनाउँदै भ्रष्टचार विरुद्धको शून्य सहनशिलताको नीतिलाई कार्यान्वयन गर्न सार्वजनिक सेवामा सूचना प्रविधिको अधिकतम उपयोग मार्फत सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६२ गाउँपालिकाका जनप्रतिनिधिहरुको रु १० लाखसम्मको सामूहिक दुर्घटना बीमाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छु।

६३ बकैया गाउँपालिका भित्रको विभिन्न सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण, शवदाह स्थल निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६४ पालिकास्तरीय हाटवजारको रुपमा विकास गरिने हाटबजारहरु, विद्युतीय सुधार, सुशासन प्रवर्द्धन, अनुसन्धान तथा विकास, विज्ञान तथा प्रविधि र वन तथा वातावरणलगायतको क्षेत्रमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६५ स्वच्छ खानेपानी माथि सबैको पहुँच सुनिस्चितताको लागि WASH PLAN ( वास प्लान ) को आधारमा खानेपानीको स्रोत पहिचान गरि योजनाहरु सञ्चालन गर्न तथा पालिका स्थित खानेपानी आयोजनाहरुलाई प्रभावकारी बनाउँन पालिका स्तरीय खानेपानी बोर्ड गठन तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६६ वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण लगायत दिगो विकासका लक्ष्यहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट व्यवस्था गरेको छु ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बसामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

६७ टोल विकास संस्थालाई आ व २०८२/०८३ बाट यस गाउँपालिका क्षेत्र भित्र रहेका साथै कानून बमोजिम गठन भएका टोल विकास संस्थालाई क्रियाशिल बनाउँदै लैजान विउँ पूँजीको रुपमा रु २५ हजारको दरले ३० लाख बजेट विनियोजन गरेको छु।

६८ आन्तरिक रोजगार प्रवर्धनका लागि रोजगार आयोजना सञ्चालनमा साझेदारीको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

६९ बकैया गाउँपालिको 'रोजगार रणनीति तर्जुमा, रोजगार संवाद मञ्चको सञ्चालन लगायतका कार्यको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

७० सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

७१ यस बकैया गाउँपालिका कार्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत राष्ट्रसेवक करार कर्मचारीहरुको संघीय सरकारले बनाएको नियम तथा अन्य सामाजिक सुरक्षा सम्वन्धी कानूनको अधिनमा रहि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आ.व २०८२/८३ मा आवश्यक बजेट व्यवस्था गरेको छु ।

७२ यस बकैया गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी तथा अन्य कर्मचारीहरुलाई कार्यसम्पादन, कार्यवोझ र अतिरिक्त समयको कामको आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको नीति कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७३ बकैया गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारीहरुको हालको तलवमा मासिक रु १५ सयको दरले वृद्धि गरेको छु ।

७४ सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुका लागि समय सापेक्ष पारिश्रमिक भुक्तानीको नीति कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

७५ उल्लेखित विपयगत बजेट तथा कार्यक्रमहरु विस्तृत रुपमा अनुसूचीमा उल्लेख गरेको छु ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

आदरणीय सभाध्यक्ष महोदय,

आदरणीय सदस्य ज्यूहरु,

प्रस्तुत बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने पालिका अध्यक्ष ज्यू कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, विभिन्न विषयगत समिति, तथा अन्य समितिहरु, राजनीतिक दरका प्रतिनिधि एवं राजनीतिज्ञ, नागरिक समाज, निजिक्षेत्र एवं विकास सहयात्री, अहोरात्र खटिने पालिकाका राष्ट्रसेवक कर्मचारी मित्रहरु, सञ्चारजगत लगायत सम्पूर्ण पालिकावासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै सदा झै बजेट कार्यान्वयनको लागि सबैको सीर्जनशील र रचनात्मक सहयोग र साथ रहने अपेक्षा समेत गरेको छु ।

धन्यवाद ।

मितिः २०८२ साल असार १६ गते

भक्त बहादुर खत्री<br>उपाध्यक्ष<br>बकैया गाउँपालिका



Scanned with CamScanner